# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४ नियम २२ को उपनियम २ सँग सम्बन्धित

# आ.व. २०७३/०७४ को प्रथम त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण :**

यस बैंकको त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण यसैसाथ संलग्न गरिएको छ।

**ख) प्रमुख वित्तीय अनुपातहरु**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. १७.९ | मुल्य आम्दानी अनुपात | ३६.७८ |
| प्रति शेयर नेटवर्थ | रु. १३७.५१ | प्रतिशेयर बजार मुल्य | रु. ६६० |
| तरलता अनुपात | २४.४९ प्रतिशत | कुल सम्पतिमा प्रतिफल | १.२६ प्रतिशत |

**२) व्यवस्थापकीय विश्लेषण**

**क)** देशमा विद्यमान राजनीतिक अस्थीरता तथा अन्योलको वातावरणले गर्दा देशको समग्र आर्थिक विकास तथा व्यवसायमा आएको निराशाजनक वातावरण तथा बैंकिङ क्षेत्रमा हाल देखिएको तरलता अभावको बावजुद पनि यस त्रैमासमा बैंकको कुल निक्षेप संकलन तथा कर्जा तथा सापटी तर्फको वृद्धि सन्तोषजनक रहेको छ ।

बैंकको जगेडा तथा कोषमा भने सञ्चित मुनाफा तथा आवेदन नपरेका हकप्रद शेयर लिलाम मार्फत जारी गर्दा प्राप्त भएको शेयर प्रिमियमको कारणले वृद्धि भएको छ। यस त्रैमासको अन्तमा बैंकको तरलता अनुपात २४.४९ प्रतिशत रहेको छ।

**ख) व्यवसायिक योजना**

अ) **निक्षेप:** बैंकले सर्वसाधारण निक्षेपकर्ताहरुको आवश्यकतालाई ध्यानमा राखी निरन्तर रुपमा आफ्ना सेवा तथा सुविधाहरुलाई आवश्यक सुधार तथा परिमार्जन गर्दै गएको एवं व्यक्तिगत तथा संस्थागत निक्षेपको उपयुक्त मिश्रणको लक्ष्य हासिल गर्दै अगाडि बढ्ने नीति अपनाएको छ।

यस वर्ष बैंकले साना निक्षेप कर्ताहरुलाई ध्यानमा राखी स्वावलम्वि नारी बचत, कृषक सम्वृद्ध बचत, सिनियर सिटिजन बचत, संरक्षक बचत खाता तथा सामाजिक सुरक्षा बचत खाता गरी कुल ५ वटा बचत खाता ग्राहक समक्ष ल्याएको छ। साथै मुद्दती निक्षेप खाता तर्फ १२ वर्षमा रकम दोब्बर हुने गरी दोब्बर निक्षेप खाता ग्राहक समक्ष ल्याएको छ।

बैंकको दिर्घकालिन रणनीति अनुरुप नै यस बैंकको बचत तथा ब्याज रहित खातामा विशेष जोड दिंदै आएको छ र आगामी दिनहरुमा यस्ता वित्तीय सेवाहरुलाई अझ समय सापेक्ष र ग्राहक मुखी बनाइदै लैजाने बैंकको लक्ष्य रहेको छ।

आ) **कर्जा तथा सापटी:** बैंक कृषि, उर्जा जस्ता उत्पादनशिल क्षेत्रहरुमा लगानी वृद्धि गर्न कटिबद्ध रहेको तथा यस नीतिको सफल कार्यान्वयनको निमित्त बैंकले आफ्नो ध्यान साना तथा मझौला व्यवसायतर्फ केन्द्रित गरेको छ र उक्त Portfolio मा निकै उत्साहजनक वृद्धि समेत हासिल गरेको छ। यस त्रैमासमा नयाँ कर्जाहरु विस्तार गर्दै जाने रणनीति अनुरुप Foreign Employment Loan,Combo Retail Loan ग्राहक समक्ष ल्याएको छ।

**३) कानूनी कारवाही सम्वन्धी विवरण**

**क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**

यस अवधिमा बैंकको व्यवसायमा तात्विक असर पर्ने गरी बैकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर नभएको।

**ख) बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**

यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**

यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

**४) बैंकको शेयर कारोवार सम्वन्धी विश्लेषण**

**क) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ।

**ख) यस अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :**

| | | | |
|---|---|---|---|
| अधिकतम मुल्य | रु. ९३४ | न्युनतम मुल्य | रु. ६२६ |
| अन्तिम मुल्य | रु. ६६० | कारोवार संख्या | ८,३३० |
| कारोबार दिन | ५५ | | |

**५) समस्या र चुनौती**

**प्रमुख चुनौतीहरु तल उल्लेख गरिए अनुसार रहेको छ।**

**आन्तरीक**

क) दक्ष जनशक्तिको उपलब्धता। ख) बढ्दो सञ्चालन लागत तथा घट्दो खुद ब्याजदर अन्तर।

**वाह्य**

क) राजनितिक अन्योल तथा अस्थिरता र उद्योग व्यवसायको विकासमा देखिएको प्रतिकुल वातावरण ।

ख) सोचे अनुरुप सरकारी बजेट कार्यान्वयनमा कमी। ग) अश्वभाविक प्रतिष्पर्धी व्यवहारमा जोड। घ) तरलतामा कमी तथा विप्रेषणमा देखिएको कमी।

**रणनीति**

क) नविनतम् प्रविधिको प्रयोग गरी उत्कृष्ट सेवा प्रदान गर्ने । नयाँ क्षेत्रहरुमा लगानी एवं अवसरहरुको निरन्तर खोजी गर्दै जाने ।

ख) कर्मचारीहरुको निरन्तर वृति विकासमा जोडदिने। ग) प्रतिष्पर्धी क्षमताको विकाश गर्दै जाने। घ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने। ङ) उत्पादनशिल क्षेत्र कर्जा लगानी वृद्धिको लागि सम्भाव्य अवसरहरुको खोजी गर्ने। च) उपभोक्ता कर्जा र साना तथा मझौला कर्जा प्रवाहमा जोड दिने। छ) चल्ती तथा बचत निक्षेपमा जोड।

**६) संस्थागत सुशासन**

संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्धारा जारी संस्थागत सुशासन सम्बन्धि ब्यवस्था अनुरुप बैंकका संचालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासनको मुल्य मान्यता प्रति सदैव सजग रही कार्य गर्दै आएको छ।

संस्थागत सुशासन परिपालनाको प्रत्याभूतिका लागि प्रभावकारी संस्थागत सुशासन नीति तर्जुमा गरी लागु गरिसकिएको छ।

**७) सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा मैले जानेबुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**प्रमुख कार्यकारी अधिकृत**

**Follow us on Facebook at www.facebook.com/nicasiabank**

NIC ASIA बैंक पनि, साथी पनि